# लिखु तामाकोशी गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः६ संख्याः१० मितिः २०७९\१०\१३


भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## लिखु तामाकोशी गाउँपालिकाको खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ माघ १३ गते**

**प्रस्तावना :**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सु-संस्कृत समाजको निर्माण गर्न स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनशिल एवम् अनुशासित नागरिकको पहिचान बनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलाडीहरू उत्पादन गर्ने खेलकुदको क्षेत्रलाई विकास गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँ कार्यपालिकाले यो **लिखु तामाकोशी गाउँपालिकाको खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९** जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **"लिखु तामाकोशी गाउँपालिकाको खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क)**"कार्यपालिका"** भन्नाले लिखु तामाकोशी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) **"गाउँपालिका"** भन्नाले लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्छ।

(ग) **"खेलकुद विकास समिति"** भन्नाले दफा ४ बमोजिम गठित गाउँ खेलकुद विकास समिति सम्झनु पर्छ।

(घ) **"क्लब, संघ, संस्था, टिम"** भन्नाले लिखु तामाकोशी गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका क्लब, संघ,संस्था,टिमहरू लाई सम्झनु पर्छ।

(ङ) **"खेलाडी"** भन्नाले क्लब, संघ,संस्था,टिमहरू संग आबद्ध खेलाडी सम्झनु पर्दछ।

(च) **"प्रशिक्षार्थी"** भन्नाले गाउँपालिकाद्वारा आयोजना गरिएको खेलकुद प्रशिक्षण कार्यक्रममा सहभागी क्लब, संघ,संस्था,टिमहरू संग आबद्ध सिकारू खरलाडी सम्झनु पर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

(ज) **"पदाधिकारी सदस्य"** भन्नाले गाउँ खेलकुद विकास समितिको सम्पूर्ण सदस्यहरूलाई सम्झनु पर्छ।

## परिच्छेद - २
## खेलकुद विकास समितिको गठन प्रक्रिया

**३. गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ खेलकुद विकास समिति रहने छ।**

क. कार्यपालिकाले आफू मध्येबाट छनौट गरेको एक जना महिला सहित – ३ जना सदस्य

ख. स्थानीय खेलकुद प्रेमी/पुर्व खेलाडीमध्येबाट कार्यपालिकाले तोकेको एक जना महिला सहित -३ जना सदस्य

ग. जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको समितिको सदस्य - १ जना सदस्य

घ. गाउँपालिका सामाजिक विकास समितिको संयोजक – सदस्य

ङ. गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचीव

च. उपदफा (क) (ख) र (घ) बमोजिमका सदस्यमध्येबाट समितिले छनौट गरेको - अध्यक्ष

**४.** पालिकाको खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले पाँच वर्षको हुनेछ।

**५.** अध्यक्षले कुनै कारणले पदबाट राजिनामा दिन चाहेमा गाउँपालिका अध्यक्ष समक्ष र सदस्यले समिति अध्यक्ष समक्ष राजिनामा पेश गर्न सक्नेछन्।

६. पदावधि बाकी हुदै कुनै कारणबाट पद रिक्त भएमा जुन प्रक्रियामा नियुक्ति भएको हो सोही बमोजिम अर्को सदस्य मनोनयन गरिने छ।

७. समितिको कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनी कार्यपालिकाले ठहर गरेमा पदबाट हटाउन वा फिर्ता बोलाउन सक्ने छ।

## परिच्छेद - २

## समितिको काम, कर्तव्य र अधिकार

८. गाउँ खेलकुद विकास समितिको काम, कर्तवाय र अधिकार देहाय बमोजिम हुनेछः

क. समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने,

ख. गाउँ पालिका तथा अन्य संघ संस्थाहरूसंग समन्वय र सहकार्य गर्ने,

ग.तोकिएको अनुसूची बमोजिम खेलकुद समिति तथा संस्था गठनमा प्रोत्साहित गर्ने,

घ. खेलकुद विकासका लागि वार्षिक कार्ययोजना तयार गरी कार्यपालिकामा पेश गर्ने,

ङ. गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेका कार्यक्रमहरू संचालन गर्ने,

च. खेलकुद प्रतियोगीता आयोजना गर्ने,

छ. खेलाडी, प्रशिक्षक र निर्णायकहरूलाई प्रतियोगीतामा सहभागी गराउने,

ज. खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तर्क्रिया गरी क्रियाकलाप संचालन गर्ने,

झ. खेलकुद क्षेत्रमा क्रियाशिल व्यक्तिहरूलाई सम्मान एवम् पुरस्कृत गर्ने र त्यसका लागि सिफारिस गर्ने।

ञ. खेलकुदसंग सम्बन्धित तालिम, प्रशिक्षण, कार्यशाला र गोष्ठीको आयोजना गर्ने,

ट. वडा स्तरीय खेलकुद विकास समिति गठन एवम् कार्यक्रम संचालन गर्ने,

ठ. सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरू गर्ने गराउने।

## परिच्छेद - ३

## खेलकुद प्रतियोगिता व्यवस्थापन

९. गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकामा दर्ता भएका टिम, क्लबहरू र खेलकुद संस्थाहरू मार्फत विभिन्न प्रतियोगिता संचालन गर्न वा गराउन सकिने छ।

१०. सल्लाहकार समितिः पालिका खेलकुद विकास समितिले गाउँपालिका अध्यक्ष र उपाध्यक्षसंगको परामर्शमा आवश्यताअनुसार सल्लाहकार समितिको गठन गर्न सक्ने छ।

११. अन्य उपसमितिः पालिका खेलकुद विकास समितिले कुनै केयक्रम संचालन गर्न वा खेल विशेषलाई प्राथमिकत दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्ने छ।

१२. वडा स्तरीय खेलकुद विकास समितिः गाउँ खेलकुद विकास समितिले पालिका भित्र सबै वडाहरुमा खेलकुदको विकास र विस्तार गर्न देहायको वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सक्ने छः

क. वडा अध्यक्ष – संयोजक

ख. वडा समितिले मनोनित गरेको स्थानीय खेलप्रेमी/ प्रशिक्षक १ जना महिला सहित २ जना -सदस्य

ग. सम्बन्धित वडाभित्रको माथिल्लो तहको विद्यालयको खेल शिक्षक / प्रतिनिधि १ जना – सदस्य

घ. सम्बन्धित वडा सचीव - सदस्य सचीव

## परिच्छेद - ४

## संघ संस्था दर्ता तथा व्यवस्थापन

**१३.** लिखु तामाकोशी गाउँपालिका भित्रका टिम, क्लब , समिति र संस्थाहरूले दर्ताका लागि पालिका खेलकुद विकास समितिको उद्देश्य, नीति तथा नियमलाई पालना गरी तोकिएको दस्तुर बुझाई दर्ता गर्नु पर्ने छ । र सोको दर्ता प्रमाणपत्र गाउँपालिकाले प्रदान गर्ने छ ।

**१४.** दर्ता भएका गाउँपालिका भित्रका टिम, क्लब , समिति र संस्थाहरूले प्रतियोगिता संचालन गर्नु भन्दा अगाडि वडा कार्यालयको सिफारिसमा गाउँपालिका खेलकुद विकास समितिको स्वीकृति लिनुपर्ने छ । स्वीकृतिको प्रकृया समितिले तोके बमोजिम हुनेछ ।

**१५.** गाउँपालिका भित्रका नयाँ टिम,क्लव,समिति र संस्थाहरू गठन एवम् चयन गर्दा स्थानीय भेला मार्फत गर्नु पर्नेछ ।

**१६.** गाउँपालिकामा दर्ता भएका तथा खेलकुद प्रतियोगिता संचालन गर्न स्वीकृति लिएका टिम,क्लव,समिति एवम् संस्थाहरूले आर्थिक सहयोग माग गरेको खण्डमा वडा कार्यालयको सिफारिसमा पालिका खेलकुद विकास समितिले उपलब्ध बजेटको सीमाभित्र रही निर्णयअनुसार आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छ ।

## परिच्छेद - ५

## खेलकुद प्रतियोगिता व्यवस्थापन

**१७.** गाउँपालिकामा दर्ता भएका टिम,क्लव,समिति, संस्था र विद्यालयहरूलाई विविध खेलकुद प्रतियोगितामा सहभगीताका लागि पठइनेछ ।

**१८.** पालिका क्षेत्रभन्दा बाहिर खेलकुद प्रतियोगिताम सहभागी हुन जाने टिम,खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुद विकास समितिले निर्णय गरे बमोजिम आर्थिक सुविधा प्रदान गरिने छ ।

**१९.** खेलकुद विकास समितिले पालिका क्षेत्र भित्र वा बाहिर हुने प्रतियोगितामा सहभागी खेलाडीहरूका लागि पोसाक एवम् अन्य व्यवस्थापन गर्न सक्ने छ ।

**२०.** खेलकुद विकास समितिले टिम,क्लव,समिति र संस्थाहरूमा आवद्ध खेलाडी प्रशिक्षण गर्न प्रशिक्षकको व्यवस्थापन गर्न सक्ने छ ।

**२१.** खेलाडीहरूका लागि खेल सामग्री तथा खेलकुद पुर्वाधारलाई समितिको सिफारिसमा गाउँपालिकाले सामग्री उपलब्ध गराउने, पुर्वाधार निर्माण गर्ने र मर्मत एवम् संभार गर्न सक्ने छ ।

**२२.** कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुने छ ।

## परिच्छेद - ६

## विविध

**२३.** गाउँपालिकाले तोके बमोजिमको खेलकुद विकास समितिको छुट्टै छाप लेटरप्याड र साइनबोर्ड हुने छ ।

**२४.** स्वीकृत बजेटको सीमाभित्र रही समितिका पदाधिकारीहरूको नियमानुसार सुविधा र बैठक भत्ता हुने छ ।

**२५.** गाउँ पालिकासंग कार्यक्रम संचालन र अन्य समन्वय गर्दा समितिको  निर्णय सहित सदस्य सचीवले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी गर्नु पर्ने छ ।

**२६.अनुगमनः** समितिले खेलुद विकासका सम्बन्धमा गाउँपालिका भित्रका टिम,क्लव,समिति र संस्थाहरू को प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अनुगमन गर्न सक्ने छ ।

**२७. संसोधनः** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा खेलकुद विकास समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

**२७. प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ ।

# अनुसूची १

## (परिच्छेद ४ दफा १३ संग सम्बन्धित)

## संस्था दर्ताको लागि निवेदनको नमुना

**श्री लिखु तामाकोशी गाउँपालिका**
**धोवी बजार, रामेछाप ।**

**विषयःसंस्था दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा तपशिल बमोजिमको विवरण अनुसार खेलकुद संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरू र स्थानीयहरूको भेलाबाट गठित तदर्थ समितिको विधान समेत तयार गरी विधान स्वीकृत एवम संस्था दर्ताका लागि निवेदन पेश गरे बमोजिम नियमानुसार संस्था दर्ता गरिदिन हुन अनुरोध छ ।

**तपशिलः**

संस्थाको नामः ..........................................................................................................
संस्थाको कार्यालय रहने स्थानः ..................................................................................
लिखु तामाकोशी गाउँपालिका वार्ड नं. .......... टोलको नाम ......................................................
अध्यक्ष/ सचीवको नामः ..............................................................................................
सम्पर्क नं. .................................................... मितिः .......................हस्ताक्षर........................

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरूः**

1. **संस्थाको निवेदन,**
2. **संस्थाको विधानको मस्यौदा,**
3. **वडा कार्यालयको सिफारिस,**
4. **आवेदक र संस्थाका पदाधिकारीहरूको नेपाली नागरिताको प्रतिलिपि,**
5. **संस्थाको छापको नमुना ।**

## अनुसूची २

**(परिच्छेद ४ दफा १३ संग सम्बन्धित)**

## संस्था दर्ताको प्रमाणपत्रको नमुना

**मितिः ..............................**

**श्री...............................................**
**...............................................**
**...............................................।**

**<u>संस्था दर्ता प्रमाणपत्र</u>**

**संस्थाको नामः ..........................................................ठेगानाः ........................................**
**दर्ता हुँदाको बखत रहनु भएका समितिको पदाधिकारी सङ्ख्याः ..........................................**
**दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः ..................................................................**

**लिखु तामाकोशी गाउँपालिकाको खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि,२०७९ र संस्थाको विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू संचालन र व्यवस्थापन गर्न माथि उल्लेखित विवरणका आधारमा संस्थाको विधान स्वीकृत गरी खेलकुद सम्बन्धी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ।**

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७९/१०/१३ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(बिनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७९/१०/१३